नेपालसरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं
सरसफाई सेवा खरिद सम्बन्धी

# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः२०८१।०५।२४)

ठेक्का नं. **MOFAGA/SQ/01/2081-82**

यस मन्त्रालयको भवन तथा कोठाहरु करिडोर एवं कम्पाउण्ड र शौचालयहरुमा सरसफाई तथा बगैचा परिसर भित्र सरसफाइ तथा बगैचा व्यबस्थापन गर्न इच्छुक फर्म/कम्पनीले प्रदान गर्ने सेवाको विवरण सहित सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

**तपसिल :**

१. यस मन्त्रालय परिसर भवन तथा कोठाहरु करिडोर एवं कम्पाउण्ड र शौचालयहरुमा सरसफाई तथा बगैचा परिसर भित्र सरसफाइ तथा बगैचा व्यबस्थापन गर्ने कार्यहरुको सेवा लिनु पर्ने भएकोले इच्छुक फर्म/व्यवसायीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १६ (सोह्रौं) औं दिनभित्र सिलबन्दी दरभाउपत्र पेश गर्नहुन अनुरोध गरिन्छ।

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातरू.१,०००/- (एक हजार मात्र)मन्त्रालयको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सिंहदरबारमा रहेको राजस्व खातान.१०००१००२०००१००००, कार्यालय कोडनं.३६५००३५०१,राजस्व शीर्षकनं १४२२९मा रकम जम्मा गरेको सक्कल भौचर र फर्मदर्ता/नवीकरण प्रमाणपत्र, सञ्चालकको नागरिकता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र तथा आ.व. २०७९/०८०को कर चुक्ता को प्रमाणपत्र पेश गरी मन्त्रालयबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्धौं) औं दिनको कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।

३. सिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौं) औं दिनको १२:०० बजेसम्म पेश गर्न सकिनेछ। उक्त म्याद पछि पेस भएका बोलपत्र मान्य हुनेछैनन्। म्याद भित्र दर्ता भएका सिलबन्दी दरभाउपत्रहरू प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ (सोह्रौं) औं दिनको दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन । सिलबन्दी दरभाउपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा अन्तिम दिनको भोलिपल्ट कार्यालय खुल्ने दिनमा खरिद गर्न वा बुझाउन सकिनेछ।

४. सिलबन्दी दरभाउपत्रदाताले कोष तथा लेखा नियन्त्रक कार्यालय भूक्तानी केन्द्र ४,सिंहदरबारको नाममा राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार स्थित धरौटी खातानं.१९६०१००१०२०३०००० (कार्यालय कोडनं. ३६५००३५०१)मा रु. ४५,०००। (पैचालिस हजार मात्र) धरौटी वापत जम्मा गरेको सक्कल भौचर वा सोही रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नाममा जारी कम्तिमा ७५ (पचहत्तर) दिनको मान्य अवधि भएको नियमानुसारको बैंक जमानतपत्र पेश गर्नुपर्नेछ।

५. सिलबन्दी दरभाउपत्र स्वीकार गर्ने, अस्वीकार गर्ने, आंशिक स्वीकार गर्ने, रद्द गर्ने जस्ता दरभाउपत्र सम्बन्धी सम्पूर्ण निर्णय गर्ने अधिकार मन्त्रालयमा निहित हुनेछ ।

६. सरसफाई सेवाको सम्झौता अवधि एक वर्षको हुनेछ।

७. सरसफाई सेवाको लागि दरभाउपत्रमा उल्लेखित संख्यामा दक्ष माली, सरसफाइ श्रमीक तथा सरसफाइमा आवस्यक पर्ने सामानहरु गुणस्तरीय हुनुपर्नेछ ।साथै श्रमिकहरुलाई दिने न्युनतम ज्याला नेपाल सरकारले तोके बमोजिम हुनेछ ।श्रमिकको ज्याला भुक्तानी गरेको अघिल्लो महिनाको विधुतिय निस्सा पेश गरे पश्चात आगामी महिनाको ज्याला रकम भुक्तानी हुनेछ ।

८. सरसफाई श्रमिकहरुलाई नियमानुसार सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुपर्नेछ ।

९. सरसफाइ सेवाको गुणस्तर, नियमितता आदिका बारेमा निरन्तर अनुगमन हुनेछ तथा मन्त्रालयबाट तोकिए बमोजिम सेवा-प्रवाह सन्तोषजनक भएको नपाइएमा जुनसुकै बखत मन्त्रालयले सम्झौताका शर्त मुताविक आवश्यक कारवाही गर्न सक्नेछ।

१०. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।